nepalpostdaily.com
# नेपाल पोष्ट डेली
दैनिक

29°C । वर्ष : ११, अंक : ०५ पृष्ठ ४ । शुक्रबार,०६ भदौ २०८२ । FRIDAY, AUGUST 22, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## बीरगन्ज-सिमरा राजमार्गमा अवैध असुली उजागर स्थानीयवासीले गरे विरोध

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०५ भदौ ।***



बीरगन्ज महानगरपालिका-२२ जगरनाथपुर चोकमा भारतीय मालवाहक सवारीसाधनबाट नियमविपरीत कर असुली भइरहेको खुलेको छ । स्थानीयवासीहरूले सडकमै प्रदर्शन गर्दै विरोध जनाएका छन् । स्थानीयको आरोपअनुसार, महानगरपालिकाले जडिबुटी, कबाडी तथा जीवजन्तु कर उठाउने अधिकार “अमित ठेक्का पट्टा”लाई दिएको भए पनि, कर्मचारीहरूले प्रतिगाडी ४ सय रुपैयाँसम्म जबर्जस्ती असुली गर्दै आएका छन् । केही प्रत्यक्षदर्शीले भने, पर्ची काट्ने नाममा रकम असुल्ने मात्र नभई, नमान्ने चालकलाई धम्की, दुर्व्यवहार र हातपातसमेत गरिएको छ । स्थानीयवासीका अनुसार, दिनहुँ सयौं भारतीय मालवाहक सवारीसाधनहरू नेपाल प्रवेश गर्दा नियमविपरीत असुली भइरहेको छ । तर, महानगरपालिका र सम्बन्धित निकाय मौन रहेको आरोप पनि लगाइएको छ । यस घटनाले आन्तरिक प्रशासनिक विश्वसनीयता र अन्तर्राष्ट्रिय व्यापारिक प्रतिष्ठामा प्रश्न उठाएको स्थानीयवासीको आक्रोश छ । यो विषयमा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई स्थानीयको एक समूहले जानकारी गराएपछि, उनले जिल्ला प्रशासन कार्यालयमा छलफलका लागि सरोकारवालालाई बोलाएका छन् । यस्तै, बाराको सिमरामामा पनि अमित ठेक्का पट्टाले गाडी

बाँकी तेश्रो पृष्ठमा⇨

## मोतिहारी-अमलेखगञ्ज पाइपलाइन हस्तान्तरणको तयारी अन्तिम चरणमा

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०५ भदौ ।***



भारत-नेपालबीच निर्माण भएको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन नेपाल आयल निगमलाई हस्तान्तरण गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । निगम मधेश प्रादेशिक कार्यालयका प्रमुख प्रलयंकर आचार्यका अनुसार पाइपलाइनको प्राविधिक परीक्षण सकिएको छ र छिट्टै औपचारिक रूपमा हस्तान्तरण गरिनेछ । यसबारे दुई देशका प्रधानमन्त्रीको संयुक्त उद्घाटन गर्ने वा अन्य औपचारिक विधिबाट हस्तान्तरण गर्ने भन्ने विषयमा छलफल भइरहेको उनले बताए । पाइपलाइनमार्फत नियमित रूपमा पेट्रोलियम पदार्थ आयात भइरहेका बेला यसको सफलतापछि अब अमलेखगञ्ज-चितवन लोथरसम्म ६९ किलोमिटर लामो अर्को पाइपलाइन विस्तारको तयारी सुरु भएको छ । उक्त खण्डको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) अन्तिम चरणमा पुगेको छ भने चितवनमा कार्यालयसमेत स्थापना गरिएको छ । केही दिनमै माटो सम्याउने काम सुरु हुने र भारत सरकारको सहयोगमा ‘जिटुजी सम्झौता’अन्तर्गत तीन वर्षभित्र परियोजना सम्पन्न गर्ने लक्ष्य राखिएको आचार्यले जानकारी दिए । चितवनको लोथरमा २३ बिघाभन्दा बढी क्षेत्रफलमा १ लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न मिल्ने

बाँकी तेश्रो पृष्ठमा⇨

## उपेन्द्र यादवको समर्थनमा जसपाको बीरगन्जमा प्रदर्शन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०५ भदौ ।***



सर्वोच्च अदालतले गौर हत्याकाण्डको छानबिन गर्न परमादेश जारी गरेपछि जनता समाजवादी पार्टी (जसपा) नेपाल आन्दोलित भएको छ । अदालतको यो कदमलाई राजनीतिक प्रतिशोध र मधेश आन्दोलनलाई कमजोर बनाउने षड्यन्त्र भन्दै जसपाका कार्यकर्ताहरूले आज वीरगन्जको घण्टाघरमा प्रदर्शन गरेका छन् । प्रदर्शनका क्रममा पार्टीका कार्यकर्ताहरूले विभिन्न नाराबाजी गर्दै अदालतको फैसलाको विरोध गरे । उनीहरूले सर्वोच्च अदालतको यो निर्णय राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएको र यसले मधेश आन्दोलनका उपलब्धिहरूलाई समाप्त पार्न खोजेको आरोप लगाए । जसपाका नेताहरूका अनुसार, यो मुद्दा पुनः उठाउनुको मुख्य उद्देश्य पार्टी अध्यक्ष उपेन्द्र यादवलाई राजनीतिक रूपमा कमजोर बनाउनु हो । गौर हत्याकाण्डको छानबिनको मागले पार्टीको उच्च नेतृत्वमाथि सीधा निशाना साँधिएको भन्दै उनीहरूले यसको कडा प्रतिवाद गर्ने चेतावनी दिएका छन् । पार्टीका शीर्ष नेताहरूले अदालतको कदमलाई गम्भीरतापूर्वक लिएका छन् र यसको विरोधमा देशभर आन्दोलनका कार्यक्रमहरू घोषणा गर्ने तयारी गरेका छन् । उनीहरूले मधेश आन्दोलन र यसका नेताहरूको सुरक्षाका लागि सबै पक्षलाई एकजुट हुन आह्वान पनि गरेका छन् ।

## बीरगन्ज महानगरमा सम्पदा संरक्षण समिति गठन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०५ भदौ ।***



बीरगन्ज महानगरपालिकाले नगर क्षेत्रमा रहेका मठ-मन्दिर, मस्जिद, चैत्य-गुम्बासहितका सबै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको दीगो संरक्षणका लागि विशेष सम्पदा व्यवस्थापन समिति गठन गरेको छ । महानगरले ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका सम्पदाहरू व्यवस्थित तरिकाले संरक्षण गर्न सम्बन्धित ऐन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । अब महानगरका ३२ वडामा रहेका सम्पूर्ण मठ-मन्दिर, मस्जिद र चैत्य-गुम्बाको अभिलेख संकलन गरी अनिवार्य सूचिकृत गरिने तयारी गरिएको छ । तथ्यांक संकलन प्रत्येक वडा कार्यालयमार्फत शुरू गरिनेछ ।

समितिको संयोजकको जिम्मेवारी महानगर प्रमुख राजेशमान सिंहले लिएका छन् । समितिमा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, वडा अध्यक्ष जगत साह कानु, प्रदीप चौरसिया, कलावती राजपुतिन, श्रीनन्दन मिश्र र जय किशोर पाण्डे सदस्य रहेका छन् भने शाखा अधिकृत सुशीला देवकोटा सदस्य-सचिवको जिम्मेवारीमा नियुक्त छिन् । समितिका सदस्यहरूलाई औपचारिक कार्यक्रममा पत्र हस्तान्तरण गरी जिम्मेवारी प्रदान गरिएको छ । महानगर प्रमुख सिंहले भने, “धार्मिक सम्पदाहरूलाई व्यवस्थित र पारदर्शी रूपमा सञ्चालन गर्न अनिवार्य रूपमा सूचिकृत गरिनेछ । भक्तजनले दिएको दान-चन्दा केवल ती सम्पदाको संरक्षण तथा संवर्द्धनमै खर्च हुने वातावरण सुनिश्चित गरिनेछ ।” समितिले प्रत्येक वडामा

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा मानव बेचबिखन आरोपमा महिला पक्राउ

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०५ भदौ ।***

पर्सा प्रहरीले मानव बेचबिखनमा संलग्न रहेको आरोपमा एक महिलालाई पक्राउ गरेको छ । पक्राउ परेकी गोर्खा नगरपालिका-४ की २८ वर्षीया सीता सिर्मल बुधबार दिउँसो बीरगन्ज-१६ नाकाबाट नियन्त्रणमा लिइएको हो । प्रहरीका अनुसार उनले विभिन्न प्रलोभन देखाउँदै महिलाहरूलाई भारततर्फ लैजाने प्रयास गर्दै आएकी थिइन् । उनी काम लगाइदिने, नयाँ कपडा किनिदिने, विवाह गरिदिने वा पैसा दिने प्रलोभनमा पारी विभिन्न जिल्लाका महिलाहरूलाई फसाउने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

यसरी नै तीन महिलालाई हेटौंडाबाट ल्याएर वीरगन्ज हुँदै भारतको रक्सौलतर्फ लैजाने क्रममा प्रहरीले पीडितलाई सकुशल उद्धार गरेको हो ।

पर्सा प्रहरीका प्रवक्ता डिएसपी किशोर लम्सालका अनुसार सिर्मलविरुद्ध मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरमा पर्सा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको छ ।

## सिटिजन्स बैंक कोल्हवी शाखाद्वारा अम्वेश्वरनाथ महादेव मन्दिरलाई सरसफाइ सामग्री सहयोग

***कोल्हवी,०५ भदौ ।***




सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कोल्हवी शाखाले बाराको अमवास्थित श्री अम्वेश्वरनाथ महादेव मन्दिरलाई विभिन्न सरसफाइ सामग्री सहयोग गरेको छ । मन्दिर परिसरलाई सफा, सुरक्षित र श्रद्धालुहरूका लागि आकर्षक बनाउन झाडु, कुचो, डस्टबिनलगायतका सामग्री हस्तान्तरण गरिएको हो । सहयोग हस्तान्तरण कार्यक्रममा बैंकका मधेश प्रदेश क्लस्टर-२ प्रमुख श्री सुरेश प्रसाद थपलिया, शाखा प्रबन्धक श्री हरि पौडेल, सहायक प्रबन्धक श्री उज्ज्वल धिमिरे, साथै नविन कुमार नयौपाने र राजीव कुमार यादवको उपस्थिति रहेको थियो । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष धिरेन्द्र चौधरी र कोषाध्यक्ष सुनिल चौधरीले धन्यवाद ज्ञापन गर्दै सहयोगले मन्दिर र वरपरको सफाइमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् । स्थानीयवासीले पनि बैंकको पहलको प्रशंसा गर्दै यसले समुदायमा सरसफाइप्रतिको चेतना अभिवृद्धि गर्ने अपेक्षा व्यक्त गरेका छन् ।

सिटिजन्स बैंकले भविष्यमा पनि यस्ता सामाजिक कार्य निरन्तर गर्ने प्रतिबद्धता जनाएको छ ।

## रास्वपा पर्सा-३ को समिति पुनर्गठन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०५ भदौ ।***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साले निर्वाचन क्षेत्र नम्बर ३ को समिति पुनर्गठन गर्दै मनोज कुर्मीलाई संयोजकमा चयन गरेको छ । बीरगन्जको कन्ट्री इन होटलमा भएको कार्यक्रममा पोखरिया निवासी कुर्मीलाई जिम्मेवारी दिइएको हो । लामो समय शिक्षण पेशामा संलग्न रहँदै नेपाल विद्यार्थी संघमार्फत राजनीतिक यात्रा सुरु गरेका कुर्मी एक वर्षअघि रास्वपामा प्रवेश गरेका थिए । नवगठित सात सदस्यीय समितिमा उपसभापतिमा महेन्द्र नारायण दास र सुजित कुमार, सचिवमा राकेश गुप्ता तथा तीन जना क्षेत्रीय सदस्य चयन भएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला सभापति हरि पन्तले क्षेत्रीय समिति पार्टीको मेरुदण्ड भएकाले यसले संगठनलाई थप सबल बनाउने बताए । उनका अनुसार पर्साका तीन क्षेत्रमा समिति गठन भइसकेको छ भने भदौ ७ गते ठोरीमा क्षेत्र नम्बर ४ को समितिसमेत गठन गरिनेछ ।

जिल्ला सभापति पन्तको सभापतित्वमा सम्पन्न भेलामा केन्द्रीय सदस्य डा. नन्दन यादव, प्रदेश सदस्य सब्बु कँडेल, पुर्षोत्तम देव, प्रमोद सहनी, जिल्ला उपसभापति तुलसा पौडेल, सचिव सुदिश प्रजापति, कोषाध्यक्ष दिलीप कुर्मीलगायतको उपस्थिति थियो ।

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सहसम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### सुझबुझपूर्ण निर्णय गर्ने कि ?

प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणको तयारीमा छन् । भदौ १ मा काठमाडौं आएका भारतीय विदेश सचिव विक्रम मिस्रीले भारत भ्रमणको औपचारिक निमन्त्रणापत्र दिएका थिए । मिति तय नभए पनि अहिलेसम्मको तयारी हेर्दा, प्रधानमन्त्री ओली भदौको अन्तिम साता भारत भ्रमणमा जान सक्ने सम्भावना छ । जसका लागि प्रधानमन्त्री कार्यालयले भ्रमणको तयारी गरिरहेको छ । भ्रमणको तालिका, स्थान र एजेन्डाका लागि दुवै देशको परराष्ट्र तहबाट छलफल भइरहेको छ । अहिलेसम्मको तयारीअनुसार भ्रमण दुईदिने हुन सक्छ । सँगै, प्रधानमन्त्री ओलीको भ्रमण, भारतको राजधानी दिल्ली नभई बोधगयामा हुन सक्छ । जुन निकै अर्थयुक्त छ । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि बुद्ध जन्मस्थल लुम्बिनीमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग वार्ता गरेका थिए । बुद्धको जन्म लुम्बिनीमा भएको थियो भने उनले ज्ञान बोधगयामा प्राप्त गरेका थिए । जसका आधारमा ओलीको भ्रमणलाई धार्मिक र सद्भावको अर्थबाट पनि हेर्न सकिन्छ । तर सुरुवाती तयारी निकै सद्भावयुक्त देखिँदा दिल्लीमा नेपालको सन्दर्भलाई लिएर भारत र चीनबीच अनौठो समझदारी बनेको छ । प्रधानमन्त्री ओलीको भारत भ्रमणकै मुखमा भारतले चिनियाँ पक्षलाई बोलाएर नेपाली भूमि लिपुलेकबारे विशेष सहमति गरेको छ । मंगलबार (भदौ २ मा) भारतीय विदेशमन्त्री एस जयशंकर र चिनियाँ विदेशमन्त्री वाङ यीबीच नेपाली भूमि लिपुलेकलाई सीमा व्यापारका लागि प्रयोग गर्ने सहमति गरिएको हो । दुई देशको विदेश मन्त्रालय तहमा भएको सहमतिपछि जारी गरिएको विज्ञप्तिअनुसार अब लिपुलेक पासलाई सीमा व्यापार गर्ने केन्द्रका रूपमा अघि बढाइनेछ । लिपुलेक नेपाली भूमि हो । ओली प्रधानमन्त्री भएकै बखत २०७७ मा लिपुलेक, कालापानी र लिम्पियाधुरासहितको भू-भागलाई समेटेर नेपालको अद्यावधिक प्रशासनिक तथा राजनीतिक नक्सा जारी गरिएको थियो ।

यद्यपि जुन क्षेत्रमा भारतले सेना परिचालन गरी कब्जा जमाउँदै आएको छ । नक्सा जारी भए पनि नेपालले आफ्नो भूमिलाई प्रयोगमा ल्याउन सकेको छैन । तर यस्तोमा नेपालकै उत्तरी छिमेकी देश चीनसँग मिलेर भारतले उक्त भूभागलाई आफ्नै भएको दाबी गर्ने गरी व्यापार सम्झौता गरेको छ । एकातिर प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्ता र अर्कोतर्फ नेपालकै अस्मितामाथि प्रश्न उठाउनेगरी गरिएको व्यवहारप्रति सचेत हुनु आवश्यक देखिन्छ । भारत र चीनसहित सबै छिमेक तथा मित्रराष्ट्रसँग विश्वासको सम्बन्ध बनाउनु नेपालका लागि आवश्यक छ । सबैसँग सौहार्दता पनि आवश्यक छ । तर भारतीय पक्षले देखाएको शैलीले भने नेपाललाई अपमानित गरेको छ । एकातिर निम्ता ल्याउँदा विदेश सचिवले देखाएको 'उपरखुट्टी व्यवहार' र अर्कोतिर भ्रमणकै मुखमा चिनियाँ पक्षलाई बोलाएर गरिएको सम्झौता सामान्य छैन ।

# मधेशको हालत "सामान्य" छैन

**चन्द्रकिशोर**



यतिखेर मानौं समय पर्खाल बनेर खडा देखिएको छ । र, त्यो पर्खालमा मुख्य राजनीतिक दलहरू छेपारो बनेर त्यसमा केवल टाँसिन पुगेजस्तो देखिन्छ । दलहरूले भुइँ यथार्थ चियाउन सकिरहेका छैनन् । यता आममधेशीजनका आँखामा दलीय कारिन्दाहरू निकै छोटा-छोटा नजर आउँछन् । यो सन्दर्भलाई सरलीकरण गर्न सकिँदैन । यहाँ मधेशलाई फगत प्रयोग गर्ने, फेरि त्यसलाई कमजोर बनाउने-रहन दिने बेइमानीको मार्मिक चित्र छ । मधेशको आलीमा बसेर आफ्नो खेती किसानी र अर्थ राजनीतिक अवस्थाको गुणा-भाग गरिरहेका एक किसान यस पीडाको चरम सीमालाई यस प्रकार भन्छन्- 'मधेशको हालत सामान्य छैन ।' मधेशलाई फोटो स्टेट मेसिनमा राखेर राज्यले रिड्युसवाला बटन थिचिरहन्छ बेलाबखत । मधेश प्रतिपल आफ्नो हैसियत रिड्युस हुँदै आएको अनुभूति गर्न अभिशप्त छ । तर, राजनीतिको चरित्र नफेरिनुको जडबारे कमै विश्लेषण सार्वजनिक वृत्तमा हुन्छ यहाँ । पछिल्ला समयका केही तथ्यांक मात्र देखाएर मधेशको हालतलाई ठम्याउन गाह्रो हुन्छ । सदाबहार नेताहरूका ती उखान-टुक्काहरू जो मधेशमाथि भनिने गरिन्छ, त्यसलाई भुइयाले स्वात्तै खारेज गर्दै आएका छन् ।

बहिष्करणको चक्रव्यूहमा परेका जनगणको ठूलो हिस्सा भित्रभित्रै मुर्मुरिँदै छन् । मधेश घुम्न आउने प्रत्येक नेताहरू एक-एक 'पगहा' (त्यो डोरी जसमा गाईबस्तु बाँधिन्छ) छाडेर हिँड्छ । मधेश फगत 'हैसटैग' भएको छ । टोकरीभरिका उम्मिदहरूले आकार लेला भन्ने प्रतीक्षामा ती पगहाहरूसँग टाँसिरहन्छन् भुइँमान्छेहरू । शासकीय चरित्र नफेरिने भ्रूण मधेशको भौगोलिक अवस्थितिमा नै रोपिएको छ । उसो भए के यो मधेशको मोहभंगको कालखण्ड आएको हो ? मधेश झर्नेहरूले यहाँका उम्मिदहरूका अनुसार अच्छा-खराब सपनाहरू बेचे । तर, त्यसको यहाँको राम्रो शिक्षा, स्वास्थ्य, रोजगार र सुरक्षित भविष्यसँग कुनै सम्बन्ध थिएन । मधेश बुझ्न र अपेक्षित बाटो पहिल्याउन राज्य सत्ता र राष्ट्रियतासम्बन्धी काठमाडौं केन्द्रित मानसको पराभव आवश्यक थियो तर अद्यावधि कायम छ । आज मधेशको सांस्कृतिक विरासत तथा भौगोलिक समृद्धिलाई नष्ट गरिँदै छ । नेपालको राजनीतिलाई 'मधेशीमुक्त' बनाउन खोजिँदै छ । आज संविधान निर्माता दलहरू नै बिर्सिरहेका छन् मधेशीमुक्तको सोझो अर्थ हो लोकतन्त्रमुक्त । मधेशी नेतृत्वलाई दृश्यबाट हटाउन खोज्नु भनेको विपक्षमुक्त । एक दृष्टि, एक लक्ष्य, एक राष्ट्रको कुरा गर्नेहरू वास्तवमा यो नेपाल भूगोलका आत्मालाई मार्न चाहन्छन्, जो अनेक राष्ट्र, भाषा, संस्कृति र दृष्टिहरूको एउटा सुन्दर समूह हो । नेपालको इतिहास लेखनमा कैयौं समस्या छन् । यी समस्यामध्ये कतिपय त यस देशको इतिहासका जटिलताका कारण र कैयौं इतिहास लेख्नेवालाका कारण । मधेशको राजनीतिक इतिहासलाई उसका जटिलताका साथ बिनाकुनै विचारधारात्मक आग्रह राखेर हेर्नुपर्ने समय हो यो । एक गलत इतिहास दृष्टिलाई फैलाइएको छ, जो एक सीमित भूखण्ड केन्द्रित दृष्टिलाई नेपालीय बनाएर राखिएको छ । देशज स्मृतिलाई ओझेलमा राखेर वर्तमानका व्यूहलाई बुझ्न सकिँदैन । अहिलेको बखत द्रुत, अधैर्य र उन्मादी निर्णायक प्रहर हो । तत्कालै ठोकुवा गरिहाल्ने । को दोषी, को राजद्रोही किटान गरिदिने । अचानक राष्ट्रवादी नशामा लट्ठिहाल्ने । जो वर्चस्वशाली छन्, उनैका संयन्त्र सामाजिक सञ्जालमा पोस्ट्स, स्टोरिज, रिल्स, विचार निर्माणका टिप्पणीमा प्रभावी हुन्छन् । नागरिक कर्तव्य बिर्सिन पुगिन्छ, अलिकति पर्खाइ हुँदैन, तब हामी नजानिँदो तरिकाले वर्चस्वशाली सत्तालाई नै ताकतवर बनाइराखेका हुन्छौं । हमला पनि अनेक थरीले गरिन्छ । अख्तर नज्मीको शेर छ- 'वो जहर देता तो सब की निगाह में आ जाता/सो ये किया कि मुझे वक्त पे दवांए न दीं ।' अदृश्य हमला । सोझै हमला । जो औपनिवेशिकता कायम राख्नका लागि हुँदै गर्छ, भइरहेको छ, अझै बढी हुँदै गर्छ । त्ताजन्य प्राथमिकता बदलिँदै रहन्छ । दुर्बलताहरू पहिल्याउने मौकाको छनोट, विरोधाभासमा खेल्ने, कठपुतली पात्रलाई सुमसुम्याई राख्ने यिनका मुख्य ल्यान्डमार्क हुन् । असहमतिलाई टाउकोमा गोली हानेर समाप्त पार्ने उही पुरानो बासी तरिकालाई हाल स्थगनमा राख्दै अहिले बिलकुलै लोकतान्त्रिक तरिकाबाट कुल्चिने यत्न गरिन्छ । हिजोका सडक संघर्ष गर्नेहरू आज वर्चस्वशालीको स्वार्थ रक्षामा भासिए । जबसम्म बाछिटालाई देखाएर विभेदकारी व्यूह रचिराख्ने छुट वर्चस्वशालीलाई रहिरहन्छ, तब-तब घाँसजस्तै कुल्चिएर, पिल्सिएर वा सुकाइएको अवस्थाबाट कोही न कोही उपेन्द्र यादवहरू टुसाइरहन्छन्, मौका पाएर तन्किरहन्छन् नै ।

वर्चस्वशाली राज्य भएको समाजमा बज्दै गरेको मादलका धुनभन्दा फरक तबला ताल गुन्जाउन खोजियो भने त्यस्तो गर्नेलाई एक्लो पारिन्छ । अक्सर सामाजिक सञ्जालमार्फत 'ट्रोल' को सिकार बनाइन्छ, कसैले 'देशविरोधी' भन्लान् त कसैले मधेशलाई उक्साउने । तर पनि मधेशको हकिकत बताउने खतराको बाटो रोज्नै पर्छ । मधेश नेपालको अभिन्न हिस्सा हो र मधेश सामान्य नहुन्जेल नेपाल उकासिँदैन । इतिहासदेखि वर्तमानसम्ममा भएका गल्तीलाई अब कसरी सच्याउने भन्ने प्रश्नमा बहस उठ्नै पर्छ । 'हाइफन' अंग्रेजी शब्द हो, जो एक प्रकारको लेख्य चिह्न हुन्छ । यसले लिखित शब्दलाई जोड्ने काम

बाँकी तेश्रो पृष्ठमा⇨

# पार्टीहरू बाँच्छन् कसरी ?

**टीकाराम भट्टराई**

समान विचारधारा, उद्देश्य र नीतिप्रति विश्वास राख्ने व्यक्तिहरूको संगठित स्वरूप नै राजनीतिक दल हो । संविधानले रोकेको अवस्थामा बाहेक दलको विधान र कार्यक्रमलाई स्वीकार गर्ने सबै नागरिक त्यो दलको सदस्य बन्न सक्छन् । संविधानले बन्देज लगाएको अवस्थामा बाहेक दलको विधानले गैरसंवैधानिक आधार खडा गरेर कुनै पनि नागरिकलाई दलविहीन बनाउन सक्दैन । राजनीतिक दलसँग नागरिकको आबद्धता बडो संवेदनशील विषय हो । दलीय आबद्धतासँग आस्था र आस्थासँग समग्र जीवन जोडिएको हुन्छ । आस्थाका लागि मानिसले आफ्नो जीवन उत्सर्ग गर्न तयार हुन्छ । परिवार, भविष्य र कैयौं सुख सुविधा त्याग गरेर मानिसहरू राजनीतिमा होमिएका हुन्छन् । आस्थाको रक्षा र बचाउका लागि मानिस दशकौं दशक जेल जीवन बस्न तयार हुन्छन् । नेल्सन मण्डेला सम्भवतः आस्थाका आधारमा सबैभन्दा बढी जेल जीवन व्यतीत गर्ने राजनीतिज्ञ हुन् ।
नेपालका नेल्सन मण्डेला भनेर चिनिने मोहनचन्द्र अधिकारीले करिब १८ वर्ष र केपी शर्मा ओलीले १४ वर्ष जेल जीवन व्यतीत गरेको तथ्य हाम्रा अगाडि सचित्र छ । यदि उहाँहरूले दलको सदस्यता त्यागेको घोषणा गर्नुभएको थियो भने सम्भवतः एक साता पनि जेल जीवन बिताउनुपर्ने थिएन । नेपालमा विगत राजतन्त्रकालीन अवस्थामा जेल जीवन, यातना, भूमिगत, निर्वासन र बेपत्ता हुनेहरूको संख्या अझै पनि लाखभन्दा घटी छैन । यी सबै आस्था र आस्थासँग आबद्ध आफूले रोजेका राजनीतिक दलको जन्म उत्थान, प्रवर्द्धन र विकासका लागि गरिएका उत्सर्ग नै थिए र हुन् । तिनै उत्सर्गको जगमा राजनीतिक दलहरू जन्मे, हुर्के र शक्ति र सत्तामा पुगे । त्यसैले नागरिकको राजनीतिक आस्था त्यस्तो अभेद्य किल्ला हो, जो हतपत मर्दैन । रुसी कम्युनिस्ट नेता भ्लादिमिर इल्यिच लेनिनले त्यसै भनेका होइनन्, 'आस्था दूबोजस्तै हो, जो कहिल्यै मर्दैन । कहिले सुषुप्त हुन्छ त कहिले मौलाउँछ ।' राजनीतिक दलहरू मूलतः राजनीतिक आस्थाका आधारमा जन्मन्छन्, हुर्कन्छन् र बाँच्छन् । राजनीतिक आस्था दर्शनसँग जोडिएको हुन्छ । दर्शन जीवन र जगत् बदल्ने नीति, योजना, कार्यक्रम र कार्यदिशाको समग्र स्वरूप हो । अहिले पनि विश्वमा मूलतः मार्क्सवादी चिन्तनधारा र गैरमार्क्सवादी चिन्तनधारा गरी दुई वटा राजनीतिक दर्शनकै वरिपरि विश्व राजनीति घुमिरहेको छ र तिनै आधारमा राजनीतिक दलको जन्म, उत्थान र पतन हुँदै आएको छ । पुँजीवाद, उदारवाद, नवउदारवाद, उत्तरआधुनिकतावाद, राजनीतिक शून्यवाद वा लोकप्रियतावाद सबै विचारधारा गैरमार्क्सवादी चिन्तनधाराबाट निर्देशित र समाजवाद, साम्यवाद, माओवाद, जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने सबै दल मार्क्सवादी चिन्तनधाराबाट निर्देशित छन् । राजनीतिक दलको दर्शनसँग सम्बन्धित यी दुई कित्ताबाहेक तेस्रो कित्ता अहिलेसम्म पनि फेला पर्न सकेको छैन । त्यसैले राजनीतिक दलहरूको मूल प्रस्थानबिन्दु भनेकै राजनीतिक दर्शन र विचारधारा नै हो । त्यो विचारधारा केवल सत्ता प्राप्तिको साधन मात्र होइन, आर्थिक-सामाजिक रूपान्तरणको समग्र दृष्टिकोण र योजना पनि हो । राजनीतिक दलमा समाजको आर्थिक-सामाजिक रूपान्तरण गर्ने स्पष्ट भिजन र त्यागको भावना भएका व्यक्ति संगठित हुन्छन् । रूपान्तरणको त्यो 'ब्लु प्रिन्ट' कसैको प्रतिगामी र कसैको अग्रगामी हुन सक्छ । राजनीतिमा लाग्नु भनेको सेवाभावको उद्देश्यले लाग्नु भन्ने बुझिनुपर्छ । त्यसैले भनिन्छ- राजनीतिक दलमा आबद्ध व्यक्तिहरू लिन होइन, दिनका लागि आबद्ध हुन्छन् र आफ्नो भविष्य, परिवार र सम्पत्तिको पर्वाह नगरी पार्टीका लागि जीवन र समयको उत्सर्ग गर्छन् । त्यस्ता त्यागी, निःस्वार्थी र समाज रूपान्तरणका लागि क्रियाशील मानिसको संगठित स्वरूप नै राजनीतिक दल भएकाले उसको बाँच्ने मूल आधार नै जनता र राष्ट्रप्रतिको निष्ठापूर्ण समर्पण हो । त्यस्तो समर्पणलाई आदर्श र आधार मानेर हजारौं, लाखौं मानिस त्यो दलको सदस्यता लिन लालायित हुन्छन् । जसका कारणले राजनीतिक दल सदियौंसम्म पनि बाँचिरहन्छन् । समाज विकासको लामो चरण पार गरेर सामन्तवादी राजनीतिक व्यवस्थाको अन्त्य भएको हो । राजनीतिक दलहरूको जन्म नै सामन्तवादको विकल्पका रूपमा भएको हो । सामन्तवाद व्यक्ति, धर्म, भाग्य र अन्धविश्वासमा रमेको र जमेको व्यवस्था हो । राजनीतिक दलको जन्म हुनुभन्दा पहिलेको शासन व्यवस्था राजा, महाराजा, पादरी-पोप र गुरु-पुरोहित, पण्डित र जमिनदारको आदेशबाट चल्थ्यो । जहाँ हुकुम, आदेश, भजन, वंश परम्परा र प्रशंसाका पात्रको मात्र बोलवाला थियो । मानवीय मूल्य, मान्यता, चेतना, तर्क वितर्क, सहमति र असहमतिको कुनै गुन्जायस थिएन । त्यस्तो शासन व्यवस्थाको विकल्पमा चेतनायुक्त समाज नागरिक, मूल्य-मान्यतामा आधारित प्रणाली, विवेक र स्वतन्त्रतामा चल्ने छनोट प्रणाली अर्थात् आवधिक निर्वाचनबाट प्रतिनिधिको चयन गर्ने पद्धतिका लागि सामन्तवादको विरुद्धमा राजनीतिक दल र राजनीतिक दलले सञ्चालन गर्ने दलीय व्यवस्थाको जन्म भयो । यो पुँजीवाद विकासको सुरुवाती चरण थियो । सामन्तवादका विरुद्धमा दलीय व्यवस्थाको जन्म भएर नै आजसम्म पुँजीवाद टिक्ने आधार बनेको हो । समयक्रममा त्यो पुँजीवाद पनि चरम शोषणको माध्यम बन्न पुग्यो । यसले वर्ग विभेद र श्रम शोषणलाई आफू जिउने आधार बनाएर मानवीय मूल्य मान्यताभन्दा

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा नियन्त्रण गर्ने योजना अनुसार इजरायली सेनाको कारबाही सुरु

***काठमाडौं,०५ भदौ ।***

इजरायली सेनाले गाजा शहरलाई नियन्त्रणमा लिने योजनाअनुसार कारबाही सुरु गरेको छ । इजरायली सेनाका अनुसार गाजा शहरको बाहिरी क्षेत्रमा उसको पूर्ण नियन्त्रण भइसकेको छ । नियन्त्रणका लागि जैतुन र जबालिया क्षेत्रमा सैनिक पहिलेदेखि नै तैनाथ गरिएको छ । मंगलबार इजारायली रक्षामन्त्री इजरायल कात्जले गाजामा नियन्त्रण गर्ने सैन्य अभियानलाई अनुमति दिएका छन् । र यसै साताको अन्त्यमा उक्त योजनालाई सुरक्षा परिषद्मा राखिने भएको छ । यस योजना अन्तर्गत ६० हजार रिजर्ब सैनिकलाई सेप्टेम्बरको सुरुआतमा बोलाइने अन्तर्राष्ट्रिय सञ्चार माध्यम बीबीसीले उल्लेख गरेको छ । यस अभियानमा सक्रिय ड्यूटीमा तैनाथ जवानलाई पनि समावेश गरिनेछ । समाचार एजेन्सी रोयटर्सका अनुसार हमासले इजरायलले निर्दोष नागरिकविरुद्ध निर्मम युद्ध जारी राख्न चाहेको आरोप लगाएको छ । यसै कारण युद्धविराममा विभिन्न बाधा उत्पन्न गराइराखेको हमासको आरोप छ । गाजा पट्टीको उत्तरी क्षेत्रस्थित गाजा शहरमा लाखौं प्यालेस्टिनी नागरिक रहँदै आएका छन् । युद्धअघि सबैभन्दा धेरै बसोबास रहेको शहर हो यो । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले फक्स न्युजसँग कुरा गर्दै इजरायलको



योजना गाजापट्टीमा नियन्त्रण मात्र नभइ यसलाई अरब देशहरुलाई सम्पिन चाहेको बताएका थिए । विश्वभरका नेताहरुले यो अभिव्यक्तिलाई लिएर आलोचना गरेका थिए । संयुक्त राष्ट्रसंघले यस्तो कारबाहीले ठूलो संख्यामा विस्थापन र अधिक हत्या हुने चेतावनी दिएको थियो । बेन्जामिनको एक अर्को अभिव्यक्तिमा इजरायल डिफेन्स फोर्स अर्थात् (आईडीएफ) गाजा शहरलाई नियन्त्रणमा लिन तयार रहेको बताएका थिए । उनको बयानमा युद्ध अन्त्यका लागि पाँच सिद्धान्त दिइएको छ । जसमा हमासलाई निरस्त्रीकरण, सबै बन्धक फिर्ता (जिवित या मृत), गाजापट्टीमा सैन्यीकरणको अन्त्य, गाजापट्टीमा इजरायलको सुरक्षा नियन्त्रण र एक वैकल्पिक नागरिक प्रशासनको स्थापना जो हमास या प्यालेस्टाइनको संलग्नता नहुने । आईडीएफले गाजा शहरमा नियन्त्रणको तयारी भइरहेको र युद्धक्षेत्रभन्दा बाहिरी क्षेत्रमा रहने नागरिकलाई मानवीय सहायता उपलब्ध गराइने बताएको छ । तर यस्तो सहायता कुनै नयाँ हुने या पुनःइजरायल र अमेरिका समर्थित विवादास्द गाजा ह्युमेनेटेरियन फाउन्डेशनमार्फत उपलब्ध गराइने भन्ने कुरा स्पष्ट पारिएको छैन । इजरायलको मन्त्रिपरिषद् बैठक अघि गाजापट्टीमै पूर्ण नियन्त्रण चाहेको बताएका थिए । तर नयाँ योजना अन्तर्गत उनले गाजा शहरको मात्र उल्लेख गरेका छन् । इजरायली मिडिया रिपोर्ट अनुसार यस मुद्दामा प्रधानमन्त्री र सेना प्रमुखबीच चर्को बहस भएको थियो । सेना प्रमुखले गाजामा नियन्त्रणको विरोध गरेको बताइएको छ । हाल ७५ प्रतिशत क्षेत्र नियन्त्रणमा लिएको इजरायलको दाबी छ । तर संयुक्त राष्ट्रसंघले भने ८६ प्रतिशत क्षेत्र सैन्य क्षेत्र बनेको दाबी गरेको छ । केही विश्लेषकहरुले भने गाजामा नियन्त्रणको धम्की हमासलाई दबाबमा राख्ने रणनीति रहेको बताएका छन् ।

## अमेरिकामा टीपीएस अन्त्यका लागि अदालतको स्वीकृति, करिब ७ हजार नेपाली फर्कनुपर्ने

***काठमाडौं,०५ भदौ ।***

अमेरिकी संघीय पुनरावेदन अदालतले ट्रम्प प्रशासनको पक्षमा निर्णय गर्दै करिब ६० हजार आप्रवासीलाई दिइएको टेम्पोररी प्रोटेक्टेड स्टेटस (टीपीएस) सुविधा अन्त्य अन्त्य गर्न अनुमति दिएको छ ।

यो आदेशसँगै सन् २०१५ को विनाशकारी भूकम्पपछि अमेरिका गएर अस्थायी रुपमा बसोबास गर्दै आएका करिब सात हजार नेपाली आप्रवासीहरु निष्कासनको जोखिममा परेका छन् । टीपीएसअन्तर्गत सन् १९९८ यता होन्डुरसका करिब ५१ हजार र निकारागुवाका करिब ३ हजार आप्रवासी अमेरिकामा अस्थायी रुपमा बसोबास गर्दै आएका छन् । उनीहरुको आप्रवासी कानुनी स्थिति आगामी सेप्टेम्बर ८ मा सकिँदैछ । यसअघि तल्लो अदालतले दिएको संरक्षण आदेशलाई स्थगित गर्दै पुनरावेदन अदालतले थप सुनुवाइका लागि अर्को मिति पनि तोकेको छ । सम्बन्धित देशको अवस्था सुरक्षित भएका कारण




संरक्षण आवश्यक नभएको भन्दै ट्रम्प प्रशासनले कार्यक्रम स्थगन गर्ने प्रक्रिया थालेको थियो । अब पुनरावेदनको आदेशसँगै सात हजार नेपालीसहित होन्डुरस र निकारागुवाका आप्रवासीलाई सम्बन्धित देशमा डिपोर्ट गर्ने बाटो खुलेको छ । यसअघि कागजातविहीन करिब साढे २ सय नेपालीलाई यसै वर्ष अमेरिकाले डिपोर्ट गरिसकेको छ । अप्रवासी अधिकारकर्मीहरूले दशकौंदेखि अमेरिकामा बसोबास गर्दै आएका नेपाली, होन्डुरस र निकारागुवाका नागरिकलाई एकाएक कागजातविहीन बनाइएको भन्दै आपत्ति जनाएका छन् । यस्तो कदमले आप्रवासीका बालबालिको भविष्यसमेत जोखिममा पर्ने अधिकारकर्मीले बताएका छन् । यसअघि ट्रम्प प्रशासनले भेनेजुएला, हैटी, युक्रेन, अफगानिस्तान र क्यामरूनका लाखौं आप्रवासीहरूको टीपीएस अन्त्य गरिसकेको छ। लामो समयदेखि अस्थायी सुरक्षा स्थिति समाप्त गर्न खोजिरहेको ट्रम्प प्रशासनलाई यस आदेशले राहत मिल्ने एबीसी न्युजले उल्लेख गरेको छ । अस्थायी सुरक्षा स्थिति (टीपीएस) एक अस्थायी कानुनी स्थिति हो, जसलाई अमेरिकाको होमल्यान्ड सेक्युरिटी विभागले प्राकृतिक विपत्ति, राजनीतिक अस्थिरता वा अरू खतरनाक परिस्थितिका कारण देश फर्किन नसक्ने अवस्थामा अस्थायी बसोबासको अनुमति दिँदै आएको छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको
कार्यालय, पर्सा

### मधेशको हालत "सामान्य...

गर्छ । यसलाई नेपालीमा योजक चिह्न भनिन्छ । समास चिह्न पनि भनिन्छ । यो चिह्नले दुई वा सोभन्दा बढी समान महत्त्वको अर्थ भएका स्वतन्त्र शब्दलाई जोड्ने काम गर्छ । नेपालमा हाइफन पात्रहरूको कमी छैन, तिनीहरू नै प्रचलित भाष्यलाई निफन्न सक्छन् । मधेश जोखिमउन्मुख छ भन्न दक्षिण एसियाकै अमूक क्षेत्रसँग तुलना गरिरहनै पर्दैन, एकफेर मधेशका सूचकांकतिर नियाले हुन्छ । यी खतराका घण्टी समयमै नसुन्ने हो र सुधारको पहल नथाल्ने हो भने संकट भोग्न अब धेरै कुर्नुपर्ने छैन । मधेशलाई हेर्ने काठमाडौंको दृष्टिकोण र उसलाई राज्य संयन्त्रमा समावेश गर्ने रवैया कस्तो छ ? पुरानै चस्माका आधारमा मधेशको उन्नति र प्रगति के सम्भव छ ? राज्यको मधेश हेर्ने सोचमा प्रतिरोधी भावना कत्तिको छ ? राज्यको मधेश नीति कसरी निर्धारित हुन्छ ? के कुन तत्त्वले राज्यलाई मधेशबारे सोच्न प्रेरित गर्छ ? बजेट निर्धारणका प्राथमिकता कसरी तय गरिन्छ ? साभार ईकान्तिपुर ।

### पार्टीहरु बाँच्छन् कसरी.......

जसरी पनि पैसा कमाउने र धनी र गरिबबीचको खाडल झन् बढाउँदै लगेकाले कार्ल मार्क्स र फेडरिक एंगेल्सले पुँजीवादको विकल्पमा वर्गविहीन, शोषणरहित र समतामूलक समाजको निर्माणका लागि समाजवादी व्यवस्थाको परिकल्पना गरे । जहाँ पुँजीवादमा भन्दा ज्यादा मानवीय मूल्य मान्यता र स्वतन्त्रताको अभ्यास गर्न सकिन्छ भन्ने उनीहरूको दाबा रह्यो । तर्क, बहस, विवाद, आलोचना, आत्मालोचना र द्वन्द्वात्मक भौतिकवादका आधारमा समाज र राजनीतिक दलहरू सञ्चालित हुन्छन् र हुनुपर्छ भन्ने मूल मान्यताका आधारमा मार्क्सवादी विचारधारा र राजनीतिक दलहरू संसारभर फैलिन पुगे । यो सबै ऐतिहासिक पृष्ठभूमिको सार के हो भने दलहरू मूलतः दर्शन, विचार र मानवीय मूल्य मान्यताका आधारमा जन्मन्छन् र बाँच्छन् भन्ने नै हो । यदि राजनीतिक दलको अभ्यासमा यी विषयले मान्यता पाउन छाडे वा तिनलाई बेवास्ता गरियो भने राजनीतिक दलको स्थापनाको औचित्य नै समाप्त हुन्छ । यो सैद्धान्तिक आलोकमा आज हाम्रा प्रमुख राजनीतिक दलमा भइरहेको अभ्यासको विवेचना गर्ने हो भने यो वा त्यो दलको नाम लिनु पर्दैन, सबै दलले आफू बाँच्ने आधार क्रमशः गुमाउँदै गएको प्रतीत हुन्छ । दलीय अभ्यासमा होस् वा राज्य सत्ताको अभ्यासमा होस्– बहुमतले शासन गर्छ र अल्पमतको कदर गरिन्छ । दलीय व्यवस्थाको शासन शैलीको यही प्रजातान्त्रिक चरित्रले नै दलमा मानिस आबद्ध र क्रियाशील हुन्छन् । साभार ईकान्तिपुर ।

### बीरगन्ज-सिमरा राजमा.....

रोकेर अवैध कर असुली गरेको उजागर भएपछि जितपुर सिमरा उपमहानगरपालिकाले कारबाही अघि बढाएको छ । राजश्व शाखाले उक्त फर्मलाई पत्र काटी तीन दिनभित्र लिखित स्पष्टिकरण पेश गर्न आदेश दिएको छ । स्थानीयवासीले भने, यस्तो अवैध असुलीले न केवल स्थानीय नागरिकमा अप्ठ्यारो र तनाव सिर्जना गरेको छ, तर नेपाल-भारतबीचको व्यापारिक आवागमनमा पनि अविश्वास र बाधा बढाएको छ । उनीहरूले सम्बन्धित निकायलाई तुरुन्त कठोर कदम चाल्न दबाब दिएका छन् ।

### मोतिहारी-अमलेख.............

टनेल पनि निर्माण गरिने योजना छ । यसैबीच, अमलेखगञ्जस्थित आयल निगमको पेट्रोलियम लोडिङ गर्ने 'बोई' मा देखिएको समस्या समाधान गर्न भारतीय प्राविधिक टोलीले मर्मत कार्य गर्ने भएको छ ।

### बीरगन्ज महानगरमा........

सम्पदाको लगत संकलन गरी सूची सार्वजनिक गर्ने र त्यसका आधारमा दीर्घकालीन संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । यसबाट वीरगंजका धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरूको दीर्घकालीन संरक्षण हुने र शहरको पहिचान सुरक्षित रहने अपेक्षा गरिएको छ ।

### शिक्षा विधेयकविरुद्ध..........

बनाउने र विद्यार्थीलाई १० देखि १५ प्रतिशतसम्म पूर्ण छात्रवृत्ति दिनुपर्ने व्यवस्थाविरुद्ध विरोध जनाएका हुन् । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले ती दुवै प्रावधानबारे सहमति जुटाइसकेको छ। तर सञ्चालकहरूले भने उक्त सहमतिलाई अस्वीकार गर्दै विधेयकबाट प्रावधान हटाउन माग गरेका छन् । समितिमा बिहीबार पनि विधेयकबारे छलफल जारी रहँदा माइतीघरमा विद्यालय सञ्चालकहरूको नाराबाजी चलिरहेको थियो ।

### खुटवामा स्थानीय .............

छन् । उनले जनतासँगको प्रत्यक्ष संवादले सही समस्या पहिचान गर्न सहयोग पुग्ने बताए । कार्यक्रममा सहभागी स्थानीय नेताहरूले खेतमा सिंचाइको अभाव, सडकको स्तरोन्नति, स्वास्थ्य सेवाको पहुँच, र शैक्षिक सुधारलगायतका मुद्दा उठाएका थिए । उनीहरूले जनस्तरमा अनुभूत भइरहेका समस्या समाधान गर्न पार्टी नेतृत्व अझ सक्रिय बन्नुपर्ने धारणा व्यक्त गरे । छलफलमार्फत जनप्रतिनिधि र जनताको समन्वयमा नीति निर्माणमा सघाउ पुग्ने विश्वास स्थानीयले व्यक्त गरेका छन् । कार्यक्रमले स्थानीय समस्या सम्बोधन गर्न राजनीतिक दलहरूको भूमिकाको आवश्यकता झल्काएको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# स्वास्थ्य

## गर्भावस्थाको सातौं महिनामा के हुन्छ ?



गर्भावस्थाको सातौं महिना अर्थात् तेस्रो त्रैमासिकमा प्रवेश गर्नु भनेको महिलाका लागि सफलता हो । किनकि यो महिनासम्म आइपुग्दा उनले गर्भावस्थामा आउने आधा उतारचढाव पार गरिसकेकी हुन्छिन् । यो अवधिसम्म आमा र बच्चामा धेरै नै परिवर्तन आइसकेको हुन्छ । पेटको आकार बढ्नुका साथै धेरै प्रकारका शारीरिक र मानसिक परिवर्तन पनि देखिन थाल्छन् । छैठौं र सातौं महिनामा देखिने लक्षण लगभग उस्तै हुन् । तर पनि यो बेलामा भने अलि बढी मातृत्वपन आमामा आइसक्छ । बच्चाको चाल सहजै अनुभव हुन्छ । त्यसैले होला महिला बढी उत्सुक र बच्चाप्रति संवेदनशील पनि हुन्छिन् । महिलाको पाठेघरको ठूलो आकार प्रष्ट देखिन थाल्छ । यो महिनाको अन्तिममा बच्चा जन्मियो भने पनि बच्चा बाँच्ने सम्भावना रहन्छ ।

**के-कस्तो लक्षण देखा पर्छ ?** - पाठेघरको मांसपेशीहरू कडा हुन थाल्छन् । जुन पेट छुँदा पनि कडा महसुस हुन्छ । - गर्भावस्थाको सातौं महिनामा योनीस्राव बढ्न सक्छ । वास्तवमा, यो महिनामा बच्चाको टाउकोले दबाब दिन्छ । जसकारण स्राव बढी हुन्छ । यदि योनीस्राव खराब गन्धको छ भने चिकित्सकको परामर्श लिनुपर्छ । - यो महिनामा स्तनबाट पनि चुहावट हुन थाल्छ । जुन बाक्लो र पहेंलो रङको हुन्छ । प्रसवको समय आएपछि सो रङ सामान्य हुन थाल्छ । - गर्भावस्थाभरि नै महिलाले अपचको सामना गर्न सक्छिन् । - ढाड, कम्मर, हात र खुट्टामा दुखाइ हुनसक्छ । - खुट्टा सुन्निन्छ । - दिन र रातमै अत्यधिक निद्रा लाग्छ । - कमजोरी र थकान अनुभव हुन्छ । गर्भावस्थामा महिलाको शरीरमा धेरै हर्मोनल परिवर्तन हुन्छन् । यी कारणले केही सामान्य केही असामान्य परिवर्तन देखिन सक्छ । असामान्य परिवर्तन देखिएमा चिकित्सकसँग परामर्श गर्नुपर्छ । **महिलामा देखिने परिवर्तन** - सातौं महिनामा तौल धेरै बढ्न सक्छ । तौलमा वृद्धि हुनु सामान्य हो । त्यसैले आत्तिनु आवश्यक छैन ।- यस अवधिमा पाठेघर तन्किएर नाइटोभन्दा भन्दा माथि आउँछ । जसकारण सास फेर्न गाह्रो हुनसक्छ । - सातौं महिनामा स्तनको आकार पहिलेको भन्दा ठूलो र त्यसको निप्पलको रंग पनि गाढा कालो हुन्छ । - सातौं महिनामा पाठेघरको आकार निकै ठूलो हुन्छ । यस्तोमा हिंड्दा वा झुक्दा कठिन हुन्छ । - मूत्रथैलीमा दबाब हुन्छ ।

**बच्चा कति विकास हुन्छ ?** - गर्भावस्थाको सातौं महिनामा बच्चाको विकास आधाभन्दा बढी हुन्छ । - यो महिनामा बच्चाको तौल र आकार पहिलेको भन्दा बढी हुन्छ ।

# निजी विद्यालयलाई गैरनाफामूलक बनाउँदा शिक्षा स्तर खस्किने खतरा : विना जैसवाल

**काठमाडौं,०५ भदौ ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद विना जैसवालले निजी विद्यालयहरूलाई गैरनाफामूलक बनाउने प्रस्तावप्रति आपत्ति जनाउँदै यसले नेपालको शिक्षा प्रणालीलाई झनै कमजोर बनाउने चेतावनी दिएकी छन् । सिंहदरबारमा बिहीबार बसेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा बोल्दै, सांसद जैसवालले कम्पनी ऐनअन्तर्गत सञ्चालनमा रहेका निजी विद्यालयहरूलाई जबर जस्ती गैरनाफामूलक बनाउने कुरा व्यावहारिक र न्यायसंगत नभएको बताइन् । उनको भनाइमा, "निजी विद्यालयले नाफा नै कमाउन नपाउने हो भने अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय शिक्षा कसरी सम्भव हुन्छ?" उनले शिक्षा सेवामूलक मात्रै हुनुपर्छ भन्ने धारणा असंवेदनशील र व्यवहारविहीन भएको पनि



जिकिर गरिन् । सांसद जैसवालको टिप्पणी हाल संसदमा छलफलरत विद्यालय शिक्षा विधेयकमा निजी विद्यालयप्रति राखिएको व्यवस्थालाई लिएर भइरहेको बहसका क्रममा आएको हो । निजी क्षेत्रका विद्यालय सञ्चालकहरू पनि गैरनाफामूलक बनाउने प्रस्तावका विरुद्धमा आन्दोलनरत छन् । समितिमा निजी विद्यालयहरूलाई क्रमश: गैरनाफामूलक बनाउने र निश्चित प्रतिशतमा छात्रवृत्ति दिनुपर्ने प्रस्तावमाथि छलफल जारी छ । सांसद जैसवालले भने शिक्षा क्षेत्रको सुधार सेवामूलक सोचले मात्र नभई व्यवहारिक संरचना र लगानीमैत्री नीतिमार्फत गर्नुपर्नेमा जोड दिइन् ।

# बीरगन्ज नाकाबाट डिएपी मल आयात तीव्र किसानलाई युरियाको अभाव

**बीरगन्ज,०५ भदौ ।**

अहिले किसानहरूलाई अत्यावश्यक युरिया मलको तीव्र माग भइरहेको बेला बीरगन्ज नाकाबाट भने ठूलो परिमाणमा डिएपी मल भित्रिन थालेको छ । धानको बालीका लागि हाल डिएपी मलको आवश्यकता नभए पनि कृषि सामग्री कम्पनीले दुई आपूर्तिकर्ताबाट भित्र्याउन थालेको हो । कम्पनी प्रादेशिक कार्यालय बीरगन्जका प्रमुख दुर्गाप्रसाद पाण्डेका अनुसार डेढ साता यता आदित्य बिरला कम्पनी र भारतको आइपीएल कम्पनीबाट छुट्टाछुट्टै कन्साइन्मेन्टको मल ल्याइँदैछ । आदित्य बिर्लाले ३० हजार टन र आइपीएलले २५ हजार टन डिएपी मल आपूर्ति गर्दैछन् । साउनको अन्तिम साताददेखि नै यी कम्पनीहरूले रक्सौल रेल्वे स्टेशन र सिर्सिया सुक्खा बन्दरगाहमा मल ल्याउन थालेका हुन् । दुबै



आपूर्तिकर्ताले दुई-दुई वटा रेल्वे र्‍याकमार्फत मल पठाइरहेका छन् । एक र्‍याकमा करिब २ हजार ५ सय टन मल अट्ने भएकाले पहिलो ३० हजार टनमध्ये ११ हजार ५ सय टन र दोस्रो २५ हजार टनमध्ये ९ हजार ५ सय टन मल वीरगन्ज प्रादेशिक कार्यालयले पाउनेछ । बाँकी मल भैरहवा र विराटनगर प्रादेशिक कार्यालयमा वितरण हुने पाण्डेले जानकारी दिए । हाल डिएपी मलको तत्काल माग नरहे पनि आउँदो गहुँ बाली सिजन र उखु खेतीका लागि यो मल उपयोगी हुने कम्पनीको भनाइ छ । बीरगन्ज प्रादेशिक कार्यालयले मधेश, कोशी, बागमती र गण्डकी प्रदेशका १६ जिल्लामा मल आपूर्ति गर्ने जिम्मेवारी लिएको छ ।

# प्रधानमन्त्री ओलीलाई विश्वासको मत लिन सर्वोच्चमा रिट दर्ता

**काठमाडौं,०५ भदौ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत लिन आदेश दिनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । अधिवक्ता विरेन्द्र केसीले बिहीबार सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका हुन् । यसमा प्रधानमन्त्री ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सभामुख देवराज घिमिरे, संघीय संसद सचिवालय र राष्ट्रपति कार्यालय, शितल निवासलाई विपक्षी बनाइएको छ । जनता समाजवादी पार्टीले ३२ असार २०८२ मा सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गरेको थियो । तर त्यसको केही दिनमै समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री ओलीले एक महिना भइसके पनि विश्वासको



मत लिनुभएको छैन । नेपालको संविधानको धारा १०० अनुसार विश्वास र अविश्वासको मतसम्बन्धी व्यवस्था छ । धारा ११९(२०) अनुसार, सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मतका लागि प्रस्ताव राख्नुपर्ने व्यवस्था छ । उपधारा ९(३०) अनुसार, यदि प्रस्ताव प्रतिनिधिसभामा बहुमतबाट पारित हुन सकेन भने प्रधानमन्त्री पदमुक्त हुने प्रावधान छ । अधिवक्ता केसीले सर्वोच्च अदालतमार्फत प्रधानमन्त्री ओलीलाई विश्वासको मत लिन आदेश दिनुपर्ने माग गरेका हुन् ।

# खुटवामा स्थानीय समस्या समाधानका लागि लोसपाको विशेष छलफल

**बीरगन्ज,०५ भदौ ।**

प्रसौनी गाउँपालिका-४, खुटवामा स्थानीय समस्याहरू र तिनका सम्भावित समाधानबारे छलफल गरिएको छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) द्वारा बिहीबार आयोजित छलफल कार्यक्रममा पार्टीका मधेस प्रदेश अध्यक्ष तथा पूर्व मन्त्री जितेन्द्र सोनल सहभागी भएका थिए । कार्यक्रममा पूर्व गाउँपालिका अध्यक्ष भोला गुप्ता, पूर्व वडा अध्यक्ष आनन्द गुप्ता, लोसपा इकाई सभापति मदन क्षेत्री, सतन पासवान, बृजकिशोर साह, बृजकिशोर ठाकुर, तेजनारायण पासवान, रामनिवास मण्डल, ब्रह्मदेव



पासवान, चैत पासवानलगायत नेता तथा स्थानीयको उपस्थिति थियो । नेता सोनलले छलफलका क्रममा स्थानीयवासीका समस्या सुनिदै, समस्याको दीर्घकालीन समाधानका लागि पार्टी र प्रदेश तहमा आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका

बाँकी तेश्रो पृष्ठमा⇨

# मधेश प्रदेशमा विद्युत र सिँचाई सुधारमा मन्त्री खड्काको निर्देशन

**जनकपुर,०५ भदौ ।**

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दिपक खड्काले आज जनकपुरमा मधेश प्रदेशको विद्युत र सिँचाई सेवाको अवस्था समीक्षा गरेका छन् । मन्त्री खड्काले विद्युत प्राधिकरणको प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मनोज यादव र सिँचाई विभागका महानिर्देशक मित्र बरालसहितको टोलीलाई प्रदेशभरका सेवा सुधारका लागि आवश्यक निर्देशन दिएका छन् ।

उनले विद्युत चुहावट मधेश प्रदेशमा उच्च रहेको उल्लेख गर्दै तत्काल नियन्त्रणका लागि कदम चाल्न आग्रह गरेका छन् । उनले भने कि नागरिकको सुरक्षा सुनिश्चित गर्दै सुरक्षित र स्थायी विद्युत आपूर्ति गर्नु कर्मचारीहरूको मुख्य जिम्मेवारी हो । साथै, प्रदेशका विभिन्न क्षेत्रमा बारम्बार विजुली जाने समस्याको समाधान गरी २४ घण्टा विद्युत आपूर्ति सुनिश्चित गर्न निर्देशन दिएका छन् । मन्त्री खड्काले मन्त्रालयभित्र कार्यप्रणाली सुधार गर्दै, उत्कृष्ट काम गर्ने कर्मचारीलाई प्रोत्साहन र जिम्मेवारी पूरा नगर्नेलाई दण्डित गर्ने नीति लागु गर्ने बताए । उनले विद्युत र सिँचाई क्षेत्रमा सुधार गर्न सरकार प्रतिबद्ध रहेको र जनताको जीवनस्तर उकास्न यो कदम महत्वपूर्ण भएको पनि बताए ।

# शिक्षा विधेयकविरुद्ध निजी विद्यालय सञ्चालकहरूको माइतीघरमा प्रदर्शन




**काठमाडौं,०५ भदौ ।**

विद्यालय शिक्षा विधेयकका केही प्रावधानप्रति आपत्ति जनाउँदै निजी विद्यालय सञ्चालकहरूले काठमाडौंको माइतीघरमा विरोध प्रदर्शन गरेका छन् । प्याब्सन, नेसनल प्याब्सन, हिसान र अपेनले बिहीबारदेखि संयुक्त रुपमा प्रदर्शन सुरु गरेका हुन् । उनीहरूले विधेयकमा समावेश गरिएका दुई प्रावधान–निजी विद्यालयलाई क्रमश: गैरनाफामूलक

बाँकी तेश्रो पृष्ठमा⇨


## डेँगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेँगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।



जगरनाथपुर गाँउपालिका कार्यपालिकाको कार्यालय
जगरनाथपुर , पर्सा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा